अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : २१ मिति : २०८१।०५।२१

**भाग-१**

**अन्नपूर्ण गाउँपालिका**

## आर्थिक ऐन (पहिलो संशोधन), २०८१

## अन्नपुर्ण गाउँपालिकाको आर्थिक ऐन (पहिलो संशोधन), २०८१

सभाबाट पारित मिति : २०८१।०९।२९

**प्रस्तावना :-**

अन्नपुर्ण गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको बनेको आर्थिक ऐन, २०८१ को केही बुदामा संशोधन गर्न आवश्यक भएकाले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अन्नपुर्ण गाउँपालिकाको गाउँ सभाको २० औ अधिवेशनले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस ऐन नाम “आर्थिक ऐन (पहिलो संशोधन), २०८१” रहेको छ ।

(२) यो ऐन अन्नपुर्ण गाउँपालिका क्षेत्रमा तुरुन्त लागू हुनेछ।

**२. मुल ऐनको दफा (१४) को सट्टा देहाएको दफा (१४) राख्ने :**

“दफा (१४) - गाँउपालिका क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्र, घोडेपानी, पुनहिल, तातोपानी कुण्ड, रातोपानी कुण्ड, सेकार्कु कुण्ड, खयर बराह, अन्ध गल्छी, मोहरे डाँडा, ढाँड खर्क, छोटे पाहा, फुलबारी, बयेली, हुमखोला, फुतफुते झरना, साधिखर्क, भुस्केट मेला, गुफा फाँट, पञ्चकुण्ड ताल लगायतका सम्भावित राजस्वका क्षेत्रहरुको पहिचान गरी प्रतिस्पर्धा/वार्ताको माध्यमबाट अनुसूची (१०) बमोजिम आन्तरिक आय संकलन गरिने छ "

**३. मुल ऐनको अनुसूचि (१०) को सट्टा देहाएको अनुसूचि (१०) राख्ने :**

“अनुसूची (१०)

दफा  (१४)सँग सम्बन्धित

आय ठेक्का सम्बन्धमा

| सि.न. | विवरण | स्थान | २०८१।८२ को लागि अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पुनहिलमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ६ पुनहिल | ४० लाख | समयमै ठेक्का लाग्ने / नलाग्ने, पर्यटकहरुको आगमन संख्या, स्थानीय समुदायको समन्वय र सहयोग लगायत विषयहरुमा ध्यानमा राखी तोकिएको अनुमान कार्यपालिकाले बढिमा ३० प्रतिशतसम्म थपघट गर्न सक्ने । |
| २ | तातोपानी कुण्डमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. २ भुरुङ तातोपानी | ५० लाख | |
| ३ | रातोपानी कुण्डमा प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ६ पोखेरेवगर रातोपानी | २ लाख | |
| ४ | पाउद्धार कुण्डमा प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ५ पाउद्धार | २२ लाख | |
| ६ | ढूँगा, गिटी, बालुवा संकलन तथा बिक्री वितरण | गाउँपालिका क्षेत्रभर | २ लाख | |

१. अन्नपूर्ण वेस क्याम्प जाने पर्यटन पदमार्गको वार्षिक आय ठेक्काको सम्वन्धमा

क. उल्लेखित पदमार्गको निम्न स्थानहरुमा कफि सप तथा सेल्टर व्यवस्थापन गर्न वार्षिक निम्नानुसारको आय ठेक्काको न्युनतम दर तोक्ने र उक्त न्युनतम दरमा वढावढ गरि चालु आमा .व. ठेक्का व्यवस्थापन गर्ने साथै उक्त ठेक्का व्यवस्थापन वार्षिक रुपमा गर्दा प्रशासनिक दायित्व बढि हुने हुनाले चालु आ.व. देखि आ. व. २०८३/०८४ सम्म अवधिको लागि ठेक्का

सम्झौता गर्ने । उल्लेखित ठेक्का पहिलो पटक भएकोले बढाबढको लागि वडा नं. ४ का स्थानीय समुदायलाई मात्र सहभागी हुन पाउने गरी नियमानुसार छनौट गर्ने ।

- फुतफुते झरना –रु १०,०००/- ( दस हजार )
- साँधीखर्क- रु १५,०००/- (पन्ध्र हजार)
- भुस्केट मेला – रु २०,०००/- ( विस हजार )
- गुफाफाँट – रु १०,०००/- ( दस हजार )
- पञ्चकुण्ड ताल – रु १५,०००/- ( पन्ध्र हजार )

ख. हुमखोलाको हकमा आ.व. २०८२/०८३ देखि लागु हुनेगरि अलग्गै ठेक्का व्यवस्थापन गर्ने र सोको न्युनतम अंक आगामी अधिवेशनमा तोक्ने ।

२. सार्बजनिक जग्गामा व्यवसाय भएको हकमा :-

खोप्रा, महरे, लगायतका स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु ३३,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ।

ढाडखर्क, वयेली लगायतका स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु २२,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ ।

छोटेपाहा, हुमखोला, नागि सामुदायिक लज, लगायतका स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु ११,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ ।

रुप्से क्षेत्रमा सञ्चालित होटलहरुबाट प्रति होटल रु ६,६०० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ।

महभिर, टिकोट सामुदायिक, फुलवारी स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु ३,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ ।

अन्नपूर्ण-६ घार देउराली क्षेत्रमा व्यवसाय कर रु ३००० लिइनेछ ।

अन्नपूर्ण-६ पोखरेवगर क्षेत्रमा व्यवसाय कर ३००० लिइनेछ ।

तर दर्ता नभएका व्यवसायको हकमा आ व.२०८१/०८२ मा व्यवसाय दर्ता ऐन बमोजिम दर्ता गराई दर्ता नवीकरण शुल्क लिईने र सरकारी, सार्वजनिक जग्गामा भएको होटल व्यवसायहरुको वहाल हकमा विटौरी कर देहाय बमोजिम हुने गरी असुल गर्ने ।

देहायः

- खोप्रा, महरे क्षेत्र मासिक रु ३,०००/
- तातोपानी क्षेत्र मासिक रु २,५००/
- ढाडखर्क, वयेली, छोटे पाहा, हुमखोला क्षेत्र मासिक रु २,०००/-
- खयर भवानी क्षेत्र मासिक रु १०००/-

- फुलबारी ,टिकोट सामुदायीक लज, नागि सामुदायीक लज, रुप्से, महभिर क्षेत्र मासिक रु १,०००/
- अन्नपूर्ण-६ घार देउराली क्षेत्रमा मासिक रु ५००/-
- अन्नपूर्ण-६ पोखरेवगर क्षेत्रमा मासिक रु २०००/-

नोटः- सार्वजनिक स्थानमा नयाँ संरचना निर्माण गर्नु परेमा सम्बन्धित वडा कार्यालयबाट समन्वय तथा गाउँपालिकाबाट स्वीकृति लिएर मात्र गर्नुपर्ने छ ।

यसका साथै उल्लिखित कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर छुट बुदाँ नं ७ बाहेक दिन नहुने तथा अन्य कर तथा शुल्क संकलन सम्बन्धी निश्चित ऐन—नियम,कार्यविधि तथा कानूनी प्रकृया पुरा गरी गाउँपालिकाले तोकेबमोजिम निर्धारण गरी लागू गरिने छ । गाउँपालिकाको सार्वजनिक खरिद नियमावलि अनुसार आय ठेक्कामा कवोल गरेको अंक बराबरको रकम एकमुस्ठ बुझाएमा १० प्रतिशत छुट दिन सकिने छ ।

प्रमाणिकरण मिति : २०८१।१०।०८

राजपत्रमा प्रकाशित मिति : २०८१।१०।१५

आज्ञाले

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत